# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग


### प्रेश विज्ञप्ति

### लगानीकर्ता संघ संघठनका प्रमुखसँग छलफल सम्पन्न ।

विभिन्न लगानीकर्ता संघ संघठनका प्रमुख र बोर्ड अध्यक्ष श्री भिष्मराज ढुंगानाज्यूसहित बोर्डका उच्च अधिकारीबीच मिति २०७७।११।०५ मा बोर्डको कार्यालयमा धितोपत्र बजारको समसामयिक अवस्था र बजार विकास तथा विस्ताका लागि बोर्डले गरेका कार्यका विषयमा छलफल भएको छ । उक्त छलफलमा उद्योग वाणिज्य महासंघ, पूँजी बजार फोरमका सभापति श्री अम्बिका प्रसाद पौडेल, नेपाल इन्भेष्टर्स फोरमका अध्यक्ष श्री छोटेलाल रौनियार, शेयर लगानीकर्ता संघका अध्यक्ष श्री उत्तम अर्याल, नेपाल पूँजीबजार लगानीकर्ता संघका अध्यक्ष श्री राधा पोखरेल, लगानीकर्ता दवाव समूहका संयोजक श्री हरि ढकालको उपस्थिति रहेको थियो ।

छलफलका क्रममा बोर्ड अध्यक्ष श्री भिष्मराज ढुंगानाज्यूले पछिल्लो समय धितोपत्र बजारमा भएको प्रविधिको विकाससँगै प्राथमिक र दोस्रो बजारमा लगानीकर्ताको पहुँच विस्तार भई बजार गतिशिल भएको बताउँदै कोरोना महामारीको प्रभावको बीचमा समेत आर्थिक क्रियाकलाप चलायमान बनाउन धितोपत्र बजारले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । उहाँले दोस्रो बजार कारोवार सहज भएको तथा विगत लामो समयदेखि अन्यौल रहेको पूँजीगत लाभकरको विषय स्पष्ट भएसँगै लगानीकर्ताको मनोबल बढेको बताउँदै बजारको स्थायित्वका लागि संस्थागत लगानीकर्ताको बलियो उपस्थिति हुनुपर्ने र यसका लागि बोर्डले उपयुक्त कानूनी व्यवस्था गरेपश्चात् संस्थागत लगानीकर्ताको प्रवेश भइरहेको विचार व्यक्त गर्नुभयो । उहाँले सामाजिक सुरक्षा कोष तथा अन्य कोषलाई धितोपत्र बजारमा प्रवेश गर्न आवश्यक सहजीकरण भइरहेको, गैर आवासीय नेपालीको धितोपत्र बजार प्रवेशसम्बन्धमा बोर्डले बाह्य विज्ञमार्फत् अध्ययन गराइरहेको र निकट भविष्यमा नै सोसम्बन्धी प्रतिवेदन पेश हुने बताउनुभयो । त्यस्तै, उहाँले सूचिकृत संगठित संस्थाको विवरण प्रवाह थप पारदर्शी बनाउने, लगानीकर्ताको पहुँच विस्तार गर्ने, अन्य नियामक निकायसँग समन्वय गर्ने, लगानीकर्ता संरक्षण कोषको प्रभावकारी संचालन गर्न नेपाल सरकार, अर्थ मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालयसँग समेत समन्वय गरी आवश्यक कार्य अगाडि बढाउने लगायतका कार्य भइरहेको बताउनुभयो ।

छलफलमा लगानीकर्ता संघ संगठनका प्रमुखहरुले वर्तमान धितोपत्र बजारको अवस्थाको समीक्षा गर्दै पछिल्लो समयको प्रगतिमा सन्तोष व्यक्त गर्नुभयो र साना लगानीकर्ताको हित हुने गरी नीति तर्जुमा गर्न बोर्डलाई सुझाव दिदै अनलाइन प्रणालीको सुधार, सर्वसाधारणको लगानी आकर्षण गर्न आवश्यक पूर्वाधारको व्यवस्था, ब्रोकरको पहुँच विस्तार तथा लगानीकर्ता साक्षरता लगायतका विषयमा बोर्डले थप प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

मिति: २०७७।११।०५

(रुपेश के.सी.)
सह प्रवक्ता


पोष्ट बक्स नं.: ९०३१, जावलाखेल, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५४४०७६, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np